# वन विज्ञान संकाय, डीनको कार्यालय,हेटौडाको
## शैक्षिक सामग्री खरिद सम्बन्धि शिलवन्दी वोलपत्रको सूचना

यस वन विज्ञान संकाय, डीनको कार्यालय, हेटौडाको शैक्षिक कार्यक्रम संचालनको लागि आवश्यक शैक्षिक उपकरण शिलवन्दी वोलपत्रद्वारा पुर्ति गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त संस्था वा फर्महरुबाट निम्न शर्तको अधिनमा रही यो सूचना समृद्व समाज राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक मिति २०७४।०२।२० मा प्रकाशित भएको मितिले २१ दिन भित्र रीतपूर्वक शिलवन्दी वोलपत्र पेश गर्न आहवान गरिन्छ ।

**शर्तहरु:-**

१. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :- यो सूचना पत्रिकामा प्रथम पटक मिति २०७४।०२।२० मा प्रकाशित भएको मितिले २१ औं मिति २०७४।०३।०९ गते दिनको २:०० बजेभित्र ।

२. वोलपत्र फाराम रु.२०००।- (दुई हजार रुपैया मात्र) (पछि फिर्ता नहुने गरी) यस वन विज्ञान संकाय, डीनको कार्यालय, हेटौडा बाट खरिद गरी वा यस संकायको रा.वा.वैंक, हेटौडा शाखाको च.हि.नं. १३००००३२९६०१ मा रकम दाखिलागरि (www.afu.edu.np) बाट Download गरि Submit गर्न सकिनुको साथै सोही कार्यालयमा वोलपत्र पेश गर्न सकिनेछ ।

३. वोलपत्र दाताले कवोल अंकको २.५ प्रतिशतले हुने रकम यस संकायको रा.वा.वैंक, हेटौडा शाखाको च.हि.नं. १३००००३२९६०१ मा रकम दाखिलागरेको सक्कलै वैंक भौचर वोलपत्र साथ पेश गर्नु पर्ने छ ।

४. कार्यालयमा शिलबन्दी वोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पट्टी शिरमा **वन विज्ञान संकाय डीनको कार्यालय,हेटौडाको शैक्षिक उपकरण वोलपत्र** भनि लेखिएको हुनुपर्नेछ ।

५. वोलपत्र रहेको शिलबन्दी खामको बाहिर तथा वोलपत्र फाराममा फर्मको नाम, सही छाप र ठेगाना प्रष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ । अन्यथा मान्य हुनेछैन ।

६. वोलपत्र दर्ताकर्ताले आ.व.२०७२/२०७३ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता र भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रितपूर्वकको लिखित निवेदन दिनुपर्नेछ

७. वोलपत्र भर्दा दररेट प्रष्ट रुपमा अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ र दुई बीच फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. वोलपत्र दर्ता गर्ने म्याद समाप्त भएपछि प्राप्त वोलपत्र र रीत नपुगी प्राप्त हुन आएको वोलपत्रहरु वा कुनै शर्त राखी प्राप्त वोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

९. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वन विज्ञान संकाय डीनको कार्यालयमा सुरक्षित रहनेछ ।

१०. नियमानुसार प्राप्त वोलपत्रहरु वोलपत्र दाखिला गर्ने अन्तिम दिनको पर्सिपल्ट मिति २०७४।०३।११ गते २:०० बजे दिउँसो वोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

११. वोलपत्र सम्वन्धि अन्य कुरा बुझ्नु परेमा यस संकायको सामान्य प्रशासन शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ वा फोन नं ०५७-५२७३५४ मा सम्पर्क गर्न सकिने छ ।

१२. प्राप्त वोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने आंशिक वा पुर्ण रुपमा स्विकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यलयमा निहित रहनेछ ।

१३. यस सूचनामा उल्लेख नभएको व्यहोराको सम्वन्धमा कृषि तथा वन विज्ञान विश्वविद्यालयको प्रचलित आर्थिक नियम बमोजिम हुनेछ ।

( डा. वलराम कुमार भट्ट )
डीन
वन विज्ञान संकाय,हेटौडा ।

डीन
वन विज्ञान संकाय
हेटौडा, नेपाल